# देशको वर्तमान आर्थिक स्थितिबारे
# नेपाल राष्ट्र बैंकको प्रेस विज्ञप्ति

*(आर्थिक वर्ष २०६०/६१ को प्रथम एघार महिनाको तथ्याङ्कमा आधारित)*

**नेपाल राष्ट्र बैंक**

**श्रावण २०६१**

# देशको वर्तमान आर्थिक स्थितिबारे
# नेपाल राष्ट्र बैंकको प्रेस विज्ञप्ति

*(आर्थिक वर्ष २०६०/६१ को प्रथम एघार महिनाको तथ्याङ्कमा आधारित)*


<u>मुख्य बुँदाहरु</u>

- आर्थिक वर्ष २०६०/६१ को प्रथम एघार महिनामा संकुचित एवं विस्तृत मुद्रा प्रदाय दुवैमा बृद्धि भएको छ।
- बैङ्किग क्षेत्रबाट श्री ५ को सरकारतर्फ गएको कर्जा घटेको छ।
- मुद्रा बजारमा ट्रेजरी विल्सको ब्याजदर घटेको छ।
- धितोपत्र बजारको कारोवारमा बृद्धि भएको फलस्वरुप नेप्से परिसूचकाङ्क बढेको छ।
- नगद प्रवाहमा आधारित कुल सरकारी खर्च बढेको छ।
- कुल खर्चको तुलनामा गैर-ऋण साधन उच्च दरले वृद्धि भएकोले बजेट घाटा घटेको छ।
- विन्दुगत आधारमा मूल्य सूचकाङ्कको वृद्धिदर न्यून रहेको छ।
- निर्यातको तुलनामा आयातको वृद्धिदर उच्च रहेकोले व्यापार घाटा बढेको छ।
- वैदेशिक अनुदान तथा खुद सेवा आय उच्च दरमा वृद्धि भएको कारण चालु खाता बचतमा रहेको छ।
- चालु खातामा पर्याप्त बचत रहेको, बैदेशिक ऋण तथा विविध पूँजी आप्रवाहमा उच्च दरले वृद्धि भएको कारण शोधनान्तर स्थिति नेपालको पक्षमा रहेको छ।
- कुल विदेशी विनिमय संचिति रु.१ खर्ब २६ अर्ब ५५ करोड पुगेको छ जुन ११.२ महिनाको वस्तु आयात र ९.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

## मौद्रिक स्थिति

आर्थिक वर्ष २०६०/६१ को प्रथम एघार महिनामा खुद आन्तरिक सम्पत्तिको वृद्धिदरमा कमी आएको भए तापनि खुद वैदेशिक सम्पत्ति उत्साहप्रद रुपमा वृद्धि भएकोले विस्तृत मुद्रा प्रदाय अघिल्लो वर्षको ७.४ प्रतिशत बृद्धिको तुलनामा १०.० प्रतिशतले वृद्धि भई रु.२ खर्ब ७० अर्ब ४० करोड पुगेको छ। विस्तृत मुद्रा प्रदायका दुई अंशहरुमध्ये संकुचित मुद्रा प्रदाय ५.३ प्रतिशतले बढेर रु. ८८ अर्ब २३ करोड पुगेको छ। संकुचित मुद्रा प्रदाय अघिल्लो वर्ष ४.६ प्रतिशतले वृद्धि भएको थियो। विस्तृत मुद्रा प्रदायको अर्को अंश आवधिक निक्षेप आर्थिक वर्ष २०६०/६१ मा १२.३ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ८२ अर्ब १७ करोड पुगेको छ। अघिल्लो वर्ष आवधिक निक्षेप ८.९ प्रतिशतले वृद्धि भएको थियो। आर्थिक वर्ष २०५९/६० मा बैंकिङ्ग क्षेत्रको खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) २.८ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६०/६१ मा १६.१ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ५ अर्ब २४ करोड पुगेको छ। बैकिङ्ग क्षेत्रको कुल आन्तरिक कर्जा अघिल्लो आर्थिक वर्ष ९.६ प्रतिशतले वृद्धि भएको तुलनामा आर्थिक वर्ष २०६०/६१ मा ४.५ प्रतिशतले बृद्धि भई रु. २ खर्ब ३८ अर्ब ७७ करोड पुगेको छ। आर्थिक वर्ष २०५९/६० मा ११.२ प्रतिशतले वृद्धि भएको बैंकिङ्ग क्षेत्रबाट निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा आर्थिक वर्ष २०६०/६१ मा ९.१ प्रतिशतले बृद्धि भई रु. १ खर्ब ६४ अर्ब ७३ करोड पुगेको छ। कुल आन्तरिक कर्जामध्ये श्री ५ को सरकारतर्फ गएको कर्जा ९.१ प्रतिशतले घटेको फलस्वरुप मौद्रिक क्षेत्रबाट प्रवाहित कुल आन्तरिक कर्जामध्ये श्री ५ को सरकारतर्फ गएको कर्जाको अंश २०६० जेष्ठ महिनामा २८.३ प्रतिशत रहेकोमा २०६१


जेष्ठ महिनामा घट्न गई २३.९ प्रतिशत रहेको छ। सोही अनुसार, निजी क्षेत्रतर्फ प्रवाहित बैंक कर्जाको अनुपात २०६० जेष्ठ मसान्तको ६५.२ प्रतिशतबाट २०६१ जेष्ठ मसान्तमा ६९.० प्रतिशत पुगेको छ । २०६० जेष्ठ महिनामा १.६७ प्रतिशत रहेको ९१ दिने ट्रेजरी विल्सको औसत ब्याजदर २०६१ जेष्ठ महिनामा ०.८२ प्रतिशतमा झरेको छ।




## सरकारी वित्त स्थिति

नगद प्रवाहमा आधारित तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६०/६१ मा कुल सरकारी खर्च ९.१ प्रतिशतले वृद्धि भई रु. ६२ अर्ब ९८ करोड पुगेको छ। आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा सो खर्च ०.४ प्रतिशतले घटेको थियो। अघिल्लो आर्थिक वर्ष ऋणात्मक बृद्धिदर रहेको बिकास तथा फ्रिज खर्च आर्थिक वर्ष २०६०/६१ मा उच्च दरले बृद्धि भएकोले कुल सरकारी खर्च बढेको छ। कुल सरकारी खर्चमध्ये साधारण खर्च अघिल्लो आर्थिक वर्ष १० प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ मा ६.४ प्रतिशतले वृद्धि भई रु. ४७ अर्ब ४६ करोड पुगेको छ । आर्थिक वर्ष २०६०/६१ मा २५.९ प्रतिशतको उच्च दरले ह्रास आएको बिकास खर्च आर्थिक वर्ष २०६०/६१ मा विकास निर्माण कार्यमा केही तीव्रता आएको कारण १८.७ प्रतिशतले वृद्धि भई रु. १३ अर्ब ९३ करोड पुगेको छ । फ्रिज खर्च आर्थिक वर्ष २०५९/६० मा १२.५ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०६०/६१ मा १५.५ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ५८ करोड पुगेको छ।

आर्थिक वर्ष २०५९/६० मा ८.१ प्रतिशतले वृद्धि भएको गैर-ऋण साधन (राजश्व, गैर-बजेटरी तथा अन्य आय र बाह्य अनुदान) आर्थिक वर्ष २०६०/६१ मा १५.५ प्रतिशतले वृद्धि भई रु. ५८ अर्ब २२ करोड पुगेको छ। सरकारी साधनको प्रमुख स्रोतको रुपमा रहेको राजश्व आर्थिक वर्ष २०५९/६० मा ८.२ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ मा १३.६ प्रतिशतले वृद्धि भई रु. ५१ अर्ब ८१ करोड पुगेको छ। आयकर, अन्तःशुल्क तथा गैर-कर राजस्व अन्तर्गत मुख्यतया पासपोर्ट वापतको आयमा उल्लेख्य वृद्धि भएको कारण कुल राजस्व उत्साहजनक रुपमा वृद्धि भएको हो । बाह्य अनुदान आर्थिक वर्ष २०५९/६० मा रु. १ अर्ब ५६ करोड प्राप्त भएकोमा आर्थिक वर्ष २०६०/६१ मा रु. ४ अर्ब ५२ करोड प्राप्त भएको छ। गैर-बजेटरी आय आर्थिक वर्ष २०५९/६० मा रु. २ अर्ब ६७ करोड प्राप्त भएकोमा आर्थिक वर्ष २०६०/६१ मा ४९.१ प्रतिशतले घटेर रु. १ अर्ब ३६ करोड मात्र प्राप्त भएको छ।




कुल सरकारी खर्चभन्दा गैर-ऋण साधन (Non-debt Creating Resources) को वृद्धिदर उच्च रहेकाले आर्थिक वर्ष २०६०/६१ मा बजेट घाटामा ३५.० प्रतिशतले ह्रास आई रु. ४ अर्ब ७६ करोडमा झरेको छ । आर्थिक वर्ष २०५९/६० को यस अवधिमा रु. ७ अर्ब ३३ करोडको बजेट घाटा भएको थियो । बजेट घाटा पूर्ति गर्ने क्रममा आन्तरिक श्रोतबाट रु. ३ अर्ब ३५ करोड र बाह्य श्रोतबाट रु. ७ अर्ब २२ करोड गरी जम्मा रु. १० अर्ब ५७ करोड ऋण परिचालन भएको छ । उक्त रकमबाट उपरोक्त बजेट घाटा पूर्ति गर्नुको अतिरिक्त सरकारी कोष अन्तर्गत अन्य शीर्षकमा रु. १ अर्ब ११ करोड पूर्ति गरी बाँकी रकम रु. ४ अर्ब ७० करोड श्री ५ को सरकारको खातामा बचत रहेको छ। अघिल्लो आर्थिक वर्षको यसै अवधिमा रु. २ अर्ब ४१ करोड बराबरको अधिविकर्ष उपयोग गरिएको थियो ।

## मूल्य स्थिति


वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कको वृद्धिदर आर्थिक वर्ष २०५९/६० मा ६.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा १.८ प्रतिशत रहेको छ । समुहगत आधारमा गत वर्ष ६.२ प्रतिशतले बृद्धि भएको खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क आर्थिक वर्ष २०६०/६१ मा १.६ प्रतिशतले बृद्धि भएको छ । आर्थिक वर्ष २०६०/६१ मा चिनी तथा चिनीजन्य पदार्थ (१७.४ प्रतिशतले), मरमसला (९.० प्रतिशतले), माछा, मासु तथा फुल ( ८.१ प्रतिशतले), तरकारी तथा फलफुल (७.१ प्रतिशतले) र दलहन (२.८ प्रतिशतले) को मूल्य अघिल्लो आर्थिक वर्षको तुलनामा बढी दरले बृद्धि भएको भए तापनि खाद्यान्न तथा पेय पदार्थको मूल्य घटेको एवं रेष्टुराँको खाना, तेल तथा घ्यू र दूग्ध तथा दूग्धजन्य पदार्थको मूल्य अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६०/६१ मा न्यून दरले बढेको कारण खाद्यान्न तथा पेय पदार्थ समूहको मूल्य कम दरले बृद्धि भएको हो । गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य अघिल्लो आर्थिक वर्ष ७.१ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ २.१ प्रतिशतले वृद्धि भएको छ । यातायात र संचार उप-समूह तथा जुत्ता चप्पलको मूल्यमा ह्रास आएको एवं घरयासी सामान, शिक्षा तथा मनोरंजन, कपडा र सुर्ती तथा सुर्तीजन्य पदार्थको मूल्यमा अघिल्लो आर्थिक वर्षको तुलनामा कम दरले बृद्धि भएकोले गैर-खाद्य तथा सेवा समूहको

मूल्यमा उपरोक्त बृद्धि भएको हो । क्षेत्रगत आधारमा आर्थिक वर्ष २०६०/६१ मा काठमाडौं उपत्यकामा ४.८ प्रतिशतले, पहाडमा ०.८ प्रतिशतले र तराईमा ०.५ प्रतिशतले मूल्य बृद्धि भएको छ । आघिल्लो आर्थिक वर्ष यी क्षेत्रहरुमा क्रमशः ६.० प्रतिशत, ५.८ प्रतिशत र ७.३ प्रतिशतले मूल्य वृद्धि भएको थियो । प्रथम एघार महिनाको शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता औसत मूल्य सूचकाङ्क आघिल्लो आर्थिक वर्ष ४.६ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६०/६१ मा सो वृद्धिदर ४.१ प्रतिशत रहेको छ ।

विन्दुगत आधारमा आर्थिक वर्ष २०५९/६० मा  ५.६ प्रतिशतले बढेको राष्ट्रिय थोक मूल्य सूचकाङ्क आर्थिक वर्ष २०६०/६१ मा ४.५ प्रतिशतले वृद्धि भएको छ । समूहगत आधारमा स्वदेशमा उत्पादित औद्योगिक वस्तुहरुको मूल्य ८.० प्रतिशतले, आयातीत वस्तुहरुको मूल्य ४.० प्रतिशतले तथा कृषिजन्य वस्तुहरुको मुल्य ३.४ प्रतिशतल वृद्धि भएको छ । प्रथम एघार महिनाको औसत राष्ट्रिय थोक मूल्य वृद्धिदर अघिल्लो आर्थिक वर्षको यसै अवधिमा ३.६ प्रतिशत रहेकोमा यस वर्ष ४.० प्रतिशत पुगेको छ ।

### वैदेशिक व्यापार

आर्थिक वर्ष २०६०/६१ मा कुल निर्यात ५.५ प्रतिशतले वृद्धि भई रु. ४८ अर्ब ६२ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्ष निर्यात ५.६ प्रतिशतले बढेको थियो । अघिल्लो आर्थिक वर्ष ७.० प्रतिशतले ह्रास आएको भारततर्फको निर्यात आर्थिक वर्ष २०६०/६१ मा १७.४ प्रतिशतले वृद्धि भई रु. २८ अर्ब ७१ करोड पुगेको छ । अन्य मुलुकतर्फको निर्यात भने आर्थिक वर्ष २०६०/६१ मा ८.१ प्रतिशतले ह्रास आई रु. १९ अर्ब ९० करोडमा सीमित भएको छ । अघिल्लो आर्थिक वर्ष यस्तो निर्यातमा २४.८ प्रतिशतले वृद्धि भएको थियो । प्रमुख निर्यातजन्य वस्तुहरुमध्ये ऊनी गलैचा, दाल, हस्तकलाका सामान, गरगहना र प्रशोधित छालाको निर्यात बढेको भए तापनि ठूलो आयतन भएको तयारी पोशाकको निर्यातमा १८.४ प्रतिशतले ह्रास आएकोले आर्थिक वर्ष २०६०/६१ मा अन्य मुलुकतर्फको निर्यात घटेको  हो ।




अघिल्लो वर्ष २०५९/६० मा १५.७ प्रतिशतले वृद्धि भएको कुल आयात आर्थिक वर्ष २०६०/६१ मा पनि १०.३ प्रतिशतले बृद्धि भई रु. १ खर्ब  २४ अर्ब ६७ करोड पुगेको छ । भारतबाट भएको आयात आघल्लो आर्थिक वर्ष २६.४ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ म १२.० प्रतिशतले बृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयात अघिल्लो आर्थिक वर्ष ४.१ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ मा ८.१ प्रतिशतले बृद्धि भएको छ । आर्थिक वर्ष २०६०/६१ मा

भारतबाट मुख्यतया एम.एस. विलेट, दाल, गहुँ, यातायातका साधन, औद्योगिक रसायन, रासायनिक मल, पेट्रोलियम पदार्थ, औषधि, एम. एस. वायर रड, कोल्ड रोल्ड सिट, अन्य यन्त्र तथा पूर्जा आदि वस्तुहरुको र अन्य मुलुकहरुबाट खाद्य तेल, सुकमेल, सुपारी, धागो, जिंक इंगट, स्टील सीट, तामाको तार तथा पाता, कच्चा सोयाविन तेल, कच्चा पाम तेल, हवाई जहाजका पार्टपूर्जा, टायर तथा ट्यूव, श्रृगारका सामान, अन्य यन्त्र तथा पूर्जाहरु, कच्चा ऊन, प्लाष्टिक दाना, रासायनिक मल, कृषि सम्बन्धी उपकरण, दूरसंचारका उपकरण तथा पूर्जा आदि वस्तुहरुको आयात बढेको छ ।

आर्थिक वर्ष २०५९/६० मा २३.९ प्रतिशतले वृद्धि भएको कुल व्यापार घाटा आर्थिक वर्ष २०६०/६१ म १३.६ प्रतिशतले वृद्धि भई रु. ७६ अर्ब ६ करोड पुगेको छ । भारतसंगको ब्यापार घाटा आघिल्लो आर्थिक वर्ष ६१.९ प्रतिशतको उच्च दरले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ मा ८.६ प्रतिशतले वृद्धि भएको छ । अन्य मुलुकतर्फको ब्यापार घाटा भने आघिल्लो आर्थिक वर्ष ८.१ प्रतिशतले ह्रास भएकोमा आर्थिक वर्ष २०६०/६१ मा २१.१ प्रतिशतको उच्च दरले बृद्धि भएको छ । परिणामस्वरुप, आघिल्लो आर्थिक वर्ष ४०.८ प्रतिशत रहेको निर्यात/आयात अनुपात आर्थिक वर्ष २०६०/६१ मा ३९.० प्रतिशतमा झरेको छ । भारततर्फको निर्यात/आयात अनुपात अघिल्लो आर्थिक वर्ष ३७.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा ३९.८ प्रतिशत र अन्य मुलुकतर्फको यस्तो अनुपात अघिल्लो आर्थिक वर्ष ४४.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा ३७.९ प्रतिशत रहेको छ ।


## शोधनान्तर स्थिति

आर्थिक वर्ष २०६०/६१ को प्रथम नौ महिनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा कुल निर्यात तथा कुल आयात दुवैमा वृद्धि भएको भए तापनि आयातको आयतन ठूलो भएको तथा वृद्धिदर पनि अधिक रहेकोले कुल व्यापार घाटा १३.८ प्रतिशतले वृद्धि भई रु. ५७ अर्ब २२ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्ष यसै अवधिमा व्यापार घाटा ३५.० प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो आर्थिक वर्षको तुलनामा सेवा आय २२.४ प्रतिशतले वृद्धि भएको भए तापनि सेवा भुक्तानी पनि १४.३ प्रतिशतले वृद्धि भएकोले वस्तु तथा सेवा क्षेत्रको समग्र घाटा १०.३ प्रतिशतले वृद्धि भई रु. ४९ अर्ब ७२ करोड पुगेको छ । त्यस्तै अघिल्लो आर्थिक वर्षको तुलनामा लगानी आय ३१.४ प्रतिशतले घटेकोले वस्तु, सेवा तथा लगानी आय क्षेत्रको समग्र घाटा १३.८ प्रतिशतले वृद्धि भई रु. ५१ अर्ब ३० करोड पुगेको छ । तथापि विदेशी अनुदानमा उल्लेख्य वृद्धि भएको र निजी क्षेत्रको विप्रेषण पनि बढेको कारण यस अवधिमा चालु खातामा रु. १५ अर्ब ८३ करोड बचत भएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा रु. १३ अर्ब ३१ करोडको चालु खाता बचत रहेको थियो । वित्तीय खाता ऋणात्मक रहे तापनि चालु खाता बचत अधिक रहेकोले आर्थिक वर्ष २०६०/६१ को पहिलो नौ महिनामा रु. १४ अर्ब ८२ करोडको शोधनान्तर बचत भएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा रु. ५ अर्ब ६३ करोड बराबरको शोधनान्तर बचत भएको थियो । मौद्रिक तथ्याङ्क अनुसार अघिल्लो आर्थिक वर्षको प्रथम एघार महिनामा रु. २ अर्ब ४९ करोड शोधनान्तर बचत रहेकोमा आर्थिक वर्ष २०६०/६१ म रु. १४ अर्ब ७५ करोडको शोधनान्तर बचत भएको छ ।

## विदेशी विनिमय संचिति

२०६१ जेष्ठ मसान्तमा बैंकिङ्ग क्षेत्रसँग रहेको कुल विदेशी विनिमय संचिति रु. १ खर्ब २६ अर्ब ५५ करोड पुगेको छ । यसमध्ये परिवर्त्य संचिति रु. १ खर्ब १२ अर्ब ११ करोड रहेको छ । २०६० जेष्ठको तुलनामा परिवर्त्य संचिति १६.४ प्रतिशतले र अपरिवर्त्य संचिति ३.७ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक बर्ष परिवर्त्य संचिति २०.७ प्रतिशतले वृद्धि भएको थियो भने अपरिवर्त्य संचिति ५०.२ प्रतिशतले घटेको थियो । २०६१ जेष्ठमा कुल संचितिमा परिवर्त्य संचितिको

अंश ८८.६ प्रतिशत र अपरिवर्त्य संचितिको अंश ११.४ प्रतिशत छ। २०६० जेष्ठमा यस्तो अंश क्रमशः ८७.४ प्रतिशत र १२.६ प्रतिशत थियो । अपरिवर्त्य संचिति कम दरले वृद्धि हुनुमा पेट्रोलियम पदार्थको आयात पूर्णतः अपरिवर्त्य मुद्राको भुक्तानीबाट हुनु रहेको देखिन्छ। वैदेशिक अनुदान तथा ऋण र वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरुबाट प्राप्त बिप्रेषणको आप्रवाह बढेकोले आर्थिक वर्ष २०६०/६१ मा परिवर्त्य संचितिको अंश बढेको हो । कुल संचितिमा वृद्धि भएको फलस्वरुप आर्थिक वर्ष २०६०/६१ मा प्रथम एघार महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तर ११.२ महिनाको वस्तु आयात र ९.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।




## शेयर बजार गतिविधि

धितोपत्र बजारमा आर्थिक वर्ष २०५९/६० को तुलनामा आर्थिक वर्ष २०६०/६१ मा संख्यात्मक तथा रकमगत कारोवार दुवै वृद्धि भएको छ। कारोवार भएको शेयर संख्या २०६१ जेष्ठमा ८ लाख ७१ हजार पुगेको छ भने कारोवार रकम रु. १४ करोड ७६ लाख पुगेको छ। सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण २०६० जेष्ठको तुलनामा २०६१ जेष्ठमा १२.६ प्रतिशतले वृद्धि भई रु. ३९ अर्ब ५९ करोड पुगेको छ। यसै गरी अघिल्लो आर्थिक वर्ष २०७.६५ रहेको नेप्से परिसूचकाङ्क आर्थिक वर्ष २०६०/६१ मा ५.४७ विन्दु (२.६ प्रतिशत) ले वृद्धि भई २१३.१२ पुगेको छ।

***